# राहत सहयोग रकम आबेदन खुल्न लागेको छ ।

सरकारले प्रदान गर्ने प्रतिव्यक्ति १ लाख येनको राहत सहयोगको लागि आबेदन खुल्न लागेको छ ।
आबेदन दिने २ तरिका छन् । (१) हुलाक मार्फत आबेदन (२) अनलाइन मार्फत आबेदन

तोयोनाका नगरपालिकाको आबेदन मिति र आबेदन गर्ने तरिकाको बारेमा

## हुलाक मार्फत आबेदन



मे २५ तारिक (सोमबार) बाट हुलाक मार्फत आबेदन फारम घरघरमा पठाईने छ । संगै बस्ने परिवारको सदस्यको आबेदन फारम घरमुलीको नाममा पठाइने छ ।

### आवश्यक पत्रहरु

① आबेदन फारम



② घरमुलीको व्यक्तिगत परिचय खुल्ने पत्र (रेसिडेन्ट कार्ड, सवारीचालक अनुमति पत्र, स्वास्थ्य बिमा पत्र आदि) को फोटोकपी



③ घरमुलीको बैंकको क्यास कार्ड वा पासबुकको फोटोकपी




## आबेदन दिने तरिका

१) आबेदन फारममा निम्न विवरणहरु भर्नु पर्दछ ।

   क) घरमुलीको नाम ＊ परिवारको सदस्यको नाम आबेदन फारममा लेखिएको हुनाले आफुले लेख्न आवश्यक छैन ।

   ख) फोन नम्बर

   ग) (क) मा लेखिएको व्यक्तिको बैंक खाता (बैंकको नाम, शाखा कार्यालय, खातावालाको नाम र खाता नम्बर लेख्नु पर्छ ।)

**साबधान**

परिवारको नाम लेखिएको ठाउँको छेउमा [राहत सहयोगको चाहना छैन] भन्ने ठाउँमा चिन्ह लगाउने ठाउँ पनि हुन्छ । [राहत सहयोगको चाहना छैन] भन्ने ठाउँमा गल्तीले चिन्ह लाग्न सक्छ, साबधान हुनुहोस् ।

२) आबेदन फारममा (क) मा लेखिएको व्यक्तिको व्यक्तिगत परिचय पत्रको फोटोकपी र बैंक क्यास कार्ड वा पासबुकको फोटोकपी नत्थी गर्नु पर्दछ ।

३) नगरपालिकाबाट आबेदन फारमका साथ फिर्ती खाम पनि पठाइएको हुन्छ । उक्त खाममा (१) र (२) को कागजातहरु राखी हुलाक मार्फत पठाउनु पर्दछ । हुलाक टिकट भने आवश्यक छैन ।

# अनलाइन मार्फत आबेदन



मे ८ तारिक (शुक्रबार) बाट अनलाइन मार्फत आबेदन लिन शुरु गरिन्छ ।

## अनलाइन मार्फत आबेदन दिनका लागि आवश्यक तयारी




१) घरमुलीको माइनम्बर कार्ड

⁎ घरमुलीले मात्र अनलाइन आबेदन दिन सक्नु हुनेछ ।

⁎⁎ माइनम्बर कार्ड भनेको माइनम्बर लेखिएको सूचना पत्र (चूची कार्ड) नभई अर्कै कार्ड हो । माइनम्बर लेखिएको सूचना पत्र (चूची कार्ड) मार्फत अनलाइन आबेदन दिन सकिदैन ।

२) माइनम्बर कार्ड रिड गर्न मिल्ने स्मार्ट फोन (वा कम्प्युटर र IC कार्ड रिडर)

⁎ स्मार्ट फोनको सेट अनुसार अनलाइन आबेदनको सेवा प्रयोग गर्न नमिल्ने पनि हुन सक्छ ।

३) [माइनापोतारु AP] एप डाउनलोड र इन्स्टल गर्नु पर्दछ ।



マイナポータル AP

४) माइनम्बर कार्ड लिदा सेट गरेको पासवर्ड आवश्यक पर्दछ ।

५) राहत सहयोग रकम प्राप्त गर्ने बैंक खाता प्रमाणित गर्ने कागजपत्रहरु अपलोड गर्न पर्दछ ।

➢ (१) बाट (५) सम्मको तयारी पुरा भएपछि इन्टरनेट मार्फत [माइनापोतारू] एक्सेस गरि आबेदन फारम भर्नु पर्दछ ।

**आबेदन दिने समय सिमा** २०२० साल अगष्ट ३१ तारिक (सोमबार) सम्म

**राहत सहयोग रकम दिन शुरु गर्ने मिति**

मे २९ तारिक (शुक्रबार) बाट क्रमिक रुपमा शुरु गरिनेछ । सहयोग रकम घरमुलीको बैंक खातामा एकमुष्ठ जम्मा गरिने छ ।

## ! जरुरी कुरा !

⁎ घरेलु हिँसा भोगी घरमुली बाट टाढिएर अर्कै ठाउँमा बस्नु भएका व्यक्तिले पनि १ लाख येनको सहयोग रकम प्राप्त गर्न सक्नुहुनेछ । सहयोग रकम पाउन आवश्यक प्रक्रिया पुरा गर्नु पर्ने हुन्छ । तुरुन्त नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोस् । तोयोनाका नगरपालिकाको परामर्श गर्ने निकाय : जिनकेन सेइसाकु खा (मानब अधिकार तथा योजना तर्जुमा बिभाग) फोन नम्बर **०६-६८५८-२५०२**

⁎ नगरपालिकाबाट आबेदन फारम आउनु अघि नगरपालिकाले तपाईंलाई कुनै किसिमको फोन या ईमेल गर्दैन । **त्यसैले सम्भावित ठगीबाट बच्नुहोस् ।**

⁎ आबेदन दिने मिति र सहयोग रकम प्राप्त गर्ने मितिहरु तपाईं बस्ने नगरपालिका अनुसार फरक पर्न सक्छ । बिस्तृत विवरणका लागि बसोबास गरिरहनु भएको नगरपालिकामा सोध्नुहोस ।

- आबेदन फारम भर्ने तरिकाको भिडियो प्रकाशित भएको छ । जापानी, अंग्रेजी, भियतनामी, फिलिपिनो, चिनियाँ, पोर्चुगाली, नेपाली, थाई, स्पेनी र इन्डोनेसियाली भाषाहरुमा उपलब्ध छ ।
  बिस्तृत विवरणको लागि यो लिंक हेर्नुहोस । https://soeasy.tokyo/users/2174